# पाँचखाल नगरस्तरीय परीक्षा समिति
## पाँचखाल नगरपालिका, काभ्रे ।

मिति: २०७६/१०/२८

श्री प्रधानाध्यापक ज्यू,

विषय: वार्षिक परीक्षा सञ्चालन सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा पाँचखाल नगरपालिका नगर शिक्षा शाखाको वार्षिक कार्यतालिकामा उल्लेख भए अनुसार तथा मिति २०७६/०८/०३ मा बसेको प्र.अ. बैठकको निर्णयानुसार गठित पाँचखाल नगरस्तरीय परीक्षा समितिको मिति २०७६/१०/२६ मा सम्पन्न बैठकको निर्णयानुसार चालु शैक्षिक सत्र २०७६ को वार्षिक परीक्षा तपशील अनुसार हुने व्यहोरा पत्र साथ जानकारी गराईन्छ ।

**वार्षिक परीक्षा-२०७६ को परीक्षा सञ्चालन तालिका**

| मिति → / कक्षा ↓ | १२/०६ | १२/०७ | १२/०९ | १२/१० | १२/११ | १२/१२ | १२/१३ | १२/१४ |
|---|---|---|---|---|---|---|---|---|
| ९ | अ. अंग्रेजी | अ.नेपाली | अ. गणित | अ. विज्ञान | अ. सामाजिक | स्वा. ज. तथा वातावरण | ऐ. प्रथम | ऐ. द्वितीय |
| ६-८ | अ. अंग्रेजी | अ. नेपाली | अ. गणित | अ. विज्ञान | अ. सामाजिक | स्वा.तथा शा. / नैतिक | पेशा व्यवसाय र प्रविधि | कम्प्यूटर |
| १-५ | अ. अंग्रेजी | अ. नेपाली | अ. गणित | अ. विज्ञान | अ. सामाजिक | ऐ.अंग्रेजी | कम्प्यूटर /मातृभाषा | |

*पुनश्च:*

- सबै तहको परीक्षा दिउँसो १२:३० बजेबाट सुरु हुनेछ,
- कक्षा १ देखि ५ को प्रश्न पत्र नेपाली र अंग्रेजी दुबै माध्यममा छुट्टाछुट्टै उपलब्ध गराइने छ,
- कक्षा ६ देखि ८ को प्रश्न पत्र आधारभूत तह उत्तीर्ण परीक्षाको विशिष्टीकरण तालिकाका आधारमा नेपाली र अंग्रेजी दुबै माध्यममा उपलब्ध गराइने छ,,
- कक्षा ९ का लागि माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको नमुना प्रश्नका आधारमा नेपाली र अंग्रेजी दुबै माध्यममा उपलब्ध गराइने छ,
- परीक्षा समितिबाट प्रश्न पत्र र उत्तर पुस्तिका उपलब्ध गराइने छ ,
- प्रत्येक विद्यालयले २०७६/११/११ भित्रमा कक्षा ९ को ऐ. विषय र सबै कक्षाको विद्यार्थी संख्या उपलब्ध गराइ सक्नु पर्ने छ,
- परीक्षा तालिकामा उल्लेखित समय र मितिमा आकस्मिक विदा पर्न गएमा परीक्षा समितिको निर्णय बाहेक परीक्षा स्थगित हुने छैन,
- कुनै एउटा विद्यालयमा मात्र अध्यापन हुने ऐ. विषयको प्रश्न पत्र सम्बन्धित विद्यालयले नै निर्माण गरी परीक्षा लिनु पर्ने छ,
- आधारभूत तह(१-८) सम्मको शिक्षा अनिवार्य तथा निशुल्क र माध्यमिक तहको शिक्षा निशुल्क हुने सरकारको नीति अनुसार कक्षा १ देखि ९ सम्मको परीक्षा वापत सामुदायिक विद्यालयले कुनै प्रकारको शुल्क विद्यार्थीबाट लिन पाउने छैन । परीक्षा सञ्चालनको सम्पूर्ण वित्तीय व्यवस्थापन नगरपालिकाले गर्नेछ,
- संस्थागत विद्यालयले परीक्षा सञ्चालनका लागि आवश्यक शुल्क अभिभावकबाट सहयोग स्वरुप उठाउन सक्नेछ, साथै मिति २०७६/११/११ भित्रमा कक्षा ८ को विद्यार्थी संख्या र प्रति विद्यार्थी रु २५० का दरले परीक्षा शुल्क नगरपालिकाले तोकेको बैंक खातामा जम्मा गरि बैंक भौचर नगर शिक्षा शाखामा बुझाउनु पर्नेछ,
- कुनै पनि विद्यालयले निर्धारित समयभन्दा अगाडि परीक्षा सञ्चालन गरेको पाइएमा नगर शिक्षा शाखाले कार्वाही गर्ने छ,
- *अन्य जानकारीका लागि परीक्षा समितिमा सम्पर्क गर्न हुन ।*

दीनानाथ पन्थी
संयोजक
**परीक्षा समिति**